Accountability Watch Committee (AWC)

# जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ती

**सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीहरुको नियुक्ति सम्बन्धमा जवाफदेहीता निगरानी समितिको अडान**

मितिः २०७६ माघ ५ गते

**वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग** गठन गर्ने सम्बन्धमा पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा गठित राष्ट्रिय मानव अधिकार आयोग समेत सम्मिलित पदाधिकारी **सिफारिस समिति**ले द्वन्दपीडित तथा मानवअधिकार समुदायका मागहरुलाई वेवास्ता गरी यही २०७६ माघ ४ गते पदाधिकारी नियुक्तिका लागि नेपाल सरकारलाई गरेको सिफारिस प्रति जवाफदेहीता निगरानी समिति गम्भिर असहमती प्रकट गर्दछ ।

यस्ता आयोगहरुको गठन स्वतन्त्र र निश्पक्ष रुपमा हुनु पर्ने अन्तर्राष्ट्रिय मापदण्ड र सम्मानित सर्वोच्च अदालतको आदेश विपरित यही पौष २४ गते "नेपाल कम्यूनिष्ट पार्टीका अध्यक्षद्वय र प्रमुख प्रतिपक्ष दलका नेता वीचको राजनीतिक सहमतिकै आधारमा सत्य निरुपण तथा वेपत्ता व्यक्तिको छानवीन सम्बन्धी आयोगका पदाधिकारीहरुको नियुक्ति गरिने" सरकारका प्रवक्ताको घोषणा र सोही अनुरुप २०७६ माघ ०४ गते बसेको मुख्य राजनीतिक दलका शिर्ष नेताहरुको बैठकमा पदाधिकारीका सम्बन्धमा भएको सहमतिलाई अनुमोदन गरी सिफारिस समितिले पदाधिकारी नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गरेबाट सिफारिस समिति पूर्णरुपमा राजनीतिक प्रभावमा परेको जवाफदेहीता निगरानी समितिको ठहर छ ।

सर्वोच्च अदालतको आदेश तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ऐन संशोधनपछि मात्र नियुक्ति प्रकृया अघि बढाउन द्वन्दपीडित, मानव अधिकारवादी, राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदायले निरन्तर आग्रह गर्दै आएकोमा त्यसलाई पूर्णरुपमा वेवास्ता गरी पदाधिकारी नियुक्ति गरिनु अत्यन्तै आपत्तिजनक छ । यसरी राजनीतिक लेनदेनका आधारमा गठीत आयोगको निष्पक्षता, स्वतन्त्रता, स्वयत्तता एवं प्रभावकारीतामा विश्वास गर्ने कुनै आधार देखिदैन । नवगठित आयोगहरु प्रत्यक्ष राजनीतिक प्रभावमा पर्ने, पीडित-मैत्री हुन नसक्ने र पीडक नियन्त्रित भई अन्ततः नेपालको समग्र संक्रमणकालीन न्याय प्रक्रियाको वैधता संकटमा परी असफल हुने सम्भावना झन बढेको छ । नेपालको संक्रमणकालिन न्याय प्रक्रियामा यस प्रकृतिको परिस्थिति विकास हुँदा गम्भीर अन्तर्राष्ट्रिय चाँसो र चिन्ता वढ्ने कुरा स्वाभाविक हुन्छ ।

यस भन्दा पुर्व गठित आयोगहरुको असफलताको प्रमुख कारण कानून समस्यामुलक भएको भन्ने पुर्व आयोगकै अन्तरिम प्रतिवेदनले देखाएको थियो र सरकारसँग सर्वोच्च अदालतको आदेश अनुसार कानून संसोधन गर्न माग गरेको थियो । तर आयोग वनेको ४ बर्षसम्म पनि कानून संसोधन नभएकाले अन्तत उक्त आयोगहरु नै विघटन हुन पुगे । हाल पुनः सरकारले ऐन संसोधन नगरि यस क्षेत्रको ज्ञान नै नभएका व्यक्तिहरुको राजनीतिक भागवण्डाको आधारमा नियुक्ति गर्नुले सरकार र प्रतिपक्षी दुबै पीडितको सत्य र न्यायको अधिकारलाई स्पष्टरुपमा इन्कार गर्न चाहेको स्पष्ट हुन्छ । अतः पीडितको न्यायमा सौदावाजी गर्ने उदेश्यले गठित आयोगलाई निगरानी समिति अस्वीकार गर्दछ । साथै यो समिति सवै पीडित समुदाय, मानवअधिकार सम्वद्ध राष्ट्रिय र अन्तराष्ट्रिय समुदाय खासगरी संयुक्त

राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्तको कार्यालयलाई नेपालमा न्याय इन्कार गरिदै आएको विषयलाई गम्भिरतापुर्वक लिई न्यायका अन्य उपायका लागी लाग्न र सो कार्यमा सहयोग गर्न समेत अपिल गर्दछ ।

यसरी सरोकारवाला पक्षहरुको सरोकारलाई वेवास्ता गरी त्रुटीपूर्ण ढंगबाट गठन भएका आयोगहरुसँग जवाफदेहीता निगरानी समितिको कुनै सहकार्य नहुने कुरा स्मरण गराउँदछौं । तसर्थ, हालसम्म भएका त्रुटीहरुलाई सच्याएर अन्तर्राष्ट्रिय स्वीकार्यता समेत सुनिश्चित हुने गरी सरोकारवालाहरुसंग व्यापक परामर्श र छलफल गरी कानून सशोधन पश्चात मात्र संक्रमणकालिन न्याय प्रक्रियालाई विश्वासनीय ढंगबाट अगाडि बढाउन जवाफदेहीता निगरानी समिति नेपाल सरकारसंग हार्दिक अपिल गर्दछ ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसाई, संयोजक)